मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क १८२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ साउन १ गते शुक्रबार ❑ 17 July 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## कास्कीमा कृषि आधुनिकीकरण कार्यक्रम प्रभावकारी, ७६ प्रतिशत बजेट खर्च

**पोखरापत्र संवाददाता**
पोखरा, ३२ असार



कास्कीमा सञ्चालित राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमले आर्थिक वर्ष २०८२/८३ मा उत्पादन वृद्धि, कृषि पूर्वाधार विस्तार, यान्त्रीकरण तथा कृषकको व्यावसायिकीकरणमा उल्लेखनीय उपलब्धि हासिल गरेको छ।

तरकारी सुपरजोन, अलैंची जोन र गाई-भैंसी जोनमार्फत सञ्चालित कार्यक्रमले ७५.९९ प्रतिशत बजेट खर्च गर्दै जिल्लाको कृषि क्षेत्रलाई आधुनिक र प्रतिस्पर्धी बनाउने दिशामा महत्वपूर्ण प्रगति गरेको राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम कार्यान्वयन एकाइ, कास्कीले जनाएको छ।

आर्थिक वर्ष २०८२/८३ का लागि विनियोजित ९ करोड ३८ लाख २८ हजार रुपैयाँमध्ये छ करोड ९७ लाख ७६ हजार रुपैयाँ खर्च भएको कार्यालय प्रमुख वरिष्ठ कृषि अधिकृत धनबहादुर बहादुर थापा मगरले बताउनु भयो । पुँजीगततर्फ ७३.७० प्रतिशत तथा चालुतर्फ ७६.३८ प्रतिशत वित्तीय प्रगति भएको उहाँले जनाउनुभयो।

कार्यक्रमले उत्पादनसँगै कृषि पूर्वाधार विस्तारलाई प्राथमिकता दिएको प्रमुख थापा मगरले बताउनु भयो। साना सिँचाइ आयोजना, थोपा सिँचाइ प्रणाली, सिँचाइ पाइप खरिद तथा मर्मतमार्फत करिब ८५ हेक्टर क्षेत्रमा थप सिँचाइ सुविधा विस्तार गरिएको छ। अलैंची जोनअन्तर्गत २२४ रोपनी क्षेत्रमा नयाँ अलैंची खेती विस्तार गरी कृषकलाई प्रतिरोपनी तीन हजार एक सय ५० रुपैयाँका दरले प्रोत्साहन रकम उपलब्ध गराइएको छ । कृषि यान्त्रीकरणलाई तीव्रता दिन २३० वटा कृषि औजार तथा उपकरण वितरण गरिएको छ । यसमा १५२ वटा मिनी टिलर, १० वटा इलेक्ट्रिक स्प्रे, ६ वटा पावर स्प्रे, ३४ वटा डिजिटल तराजु, १८ वटा चाफ कटरलगायतका सामग्री समावेश छन्।

तरकारी उत्पादन विस्तारका लागि एक आधुनिक अटोमेसनयुक्त नर्सरी, तीन वटा नर्सरी घर, ८८० वटा अस्थायी प्लास्टिक टनेल तथा ४५ वटा स्थायी प्लास्टिक टनेल निर्माण गरिएका छन् । यसबाट थप १४२ रोपनी क्षेत्रमा व्यावसायिक तरकारी खेती विस्तार भएको कार्यालयले जनाएको छ।

च्याउ उत्पादन प्रवर्द्धनका लागि तीन वटा उच्च प्रविधियुक्त संरचना तथा ११२ वटा उत्पादन संरचना निर्माण गरिएका छन्। साथै नौ मेट्रिक टन क्षमताको कोल्ड रुम, एक दुग्ध प्रशोधन उद्योग, एक बीउ प्रशोधन उद्योग र पाँच वटा सुधारिएको अलैंची भट्टी स्थापना गरिएको छ।

कार्यक्रमअन्तर्गत १८ वटा नयाँ कृषि तथा पशुपन्छी उद्यम स्थापना भएका छन् । दुग्ध क्षेत्रको प्रवर्द्धनका लागि पाँच वटा चिलिङ भ्याट स्थापना, छ वटा दुग्ध संकलन केन्द्रको सुदृढीकरण, ७४ वटा गोठ तथा भकारो सुधार, ८० वटा पाडी-बाच्छी प्रवर्द्धन तथा ३७७ जना कृषक र प्राविधिकलाई विभिन्न विषयमा तालिम प्रदान गरिएको छ । कास्कीका पाँचवटै स्थानीय तहमा रासायनिक विषादीको सुरक्षित प्रयोगसम्बन्धी सप्ताहव्यापी सचेतना अभियानसमेत सञ्चालन गरिएको कार्यालयले जनाएको छ । कार्यालय प्रमुख थापा मगरले आधुनिक प्रविधिको प्रयोग, पूर्वाधार निर्माण, अनुदान र प्रविधि हस्तान्तरणमार्फत जिल्लामा व्यावसायिक कृषि विस्तारमा सकारात्मक परिवर्तन देखिएको बताउनु भयो। सूचना अधिकारी सुजन पोखरेलका अनुसार कार्यक्रमले कृषकको उत्पादन क्षमता, बजार पहुँच र आय वृद्धि गर्न उल्लेखनीय योगदान पुऱ्याएको छ। "पूर्वाधार विकास, यान्त्रीकरण र प्रविधिको प्रयोगले कृषिलाई थप व्यावसायिक बनाउँदै लगेको छ," उहाँले बताउनुभयो।

यसैबीच जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलको नेतृत्वमा बुधबार विभिन्न अनुदानमा सञ्चालन भएका कृषि उद्यम, बीउविजन उत्पादन केन्द्र तथा दुग्ध चिस्यान केन्द्रको स्थलगत अनुगमन गरिएको थियो । अनुगमनपछि प्रमुख पौडेलले उत्पादनमुखी किसानलाई राज्यले यस्तै प्रकारका प्रोत्साहनमूलक कार्यक्रम निरन्तर सञ्चालन गर्नुपर्ने बताउँदै कृषि क्षेत्रमा गरिएको लगानीले ग्रामीण अर्थतन्त्रलाई बलियो बनाउने विश्वास व्यक्त गर्नुभयो।

## पोखरा बसपार्कका सुकुमवासीको व्यवस्थापन प्रक्रिया अघि बढ्यो

**पोखरापत्र संवाददाता**
पोखरा, ३२ असार

पोखरा महानगरपालिका-९ पृथ्वीचोकस्थित प्रस्तावित बसपार्क क्षेत्रभित्रका व्यापारिक संरचना हटाएपछि महानगरले सुकुमवासीको व्यवस्थापन प्रक्रियालाई अघि बढाएको छ।

महानगरले बसपार्कभित्र निर्माण भएको बास्तोला कम्प्लेक्स तथा अन्य व्यापारिक सटर गरी ५०० भन्दाबढी संरचना खाली गरेपछि अहिले सुकुमवासीको वैकिल्पक व्यवस्थापन कार्य सुरु गरेको हो।

बसपार्कको जग्गा अतिक्रमण गरी ५७२ परिवार बसोबास गर्दै आएका छन्। महानगर प्रमुख धनराज आचार्यले बसपार्क क्षेत्रभित्र रहेका वास्तविक सुकुमवासी तथा अव्यवस्थित बसोबासीको व्यवस्थापन प्रक्रिया पूर्ण रूपमा पारदर्शी, न्यायोचित र तथ्यमा आधारित हुने बताउनुभयो । बसपार्क क्षेत्र खाली गरी दीर्घकालीन रूपमा व्यवस्थित बसपार्क निर्माण गर्ने उद्देश्यले गठित छानबिन समितिको प्रतिवेदन महानगरपालिकाले ग्रहण गरेको छ । सो समितिले गत साता महानगरलाई आफ्नो प्रतिवेदन बुझाएको थियो । महानगरले बसपार्कभित्रका संरचना हटाउने आगामी कार्यतालिका सार्वजनिक गर्दै कुनै पनि वास्तविक सुकुमवासी अन्यायमा नपर्ने र गैरवास्तविक व्यक्तिले राज्यको सुविधा लिन नपाउने स्पष्ट पारेको छ । "समितिले तयार पारेको प्रतिवेदनलाई आधार बनाएर व्यवस्थापन प्रक्रिया अगाडि बढाएका छौँ। अबको प्रत्येक चरण विधिसम्मत र प्रमाणका आधारमा अघि बढाइने भएकाले कसैले पनि हतारमा निष्कर्ष निकाल्न हुँदैन । हामी कसैलाई अन्याय गर्ने पक्षमा छैनौँ । वास्तविक सुकुमवासी र अव्यवस्थित बसोबासीको संरक्षण गर्दै बसपार्क क्षेत्रलाई व्यवस्थित बनाउने हाम्रो उद्देश्य हो", महानगर प्रमुख आचार्यले भन्नुभयो।

महानगरले तय गरेको सुकुमवासी व्यवस्थापन प्रक्रियाअनुसार प्रतिवेदनका सम्बन्धमा सहजीकरण समितिसँग छलफल भइसकेको र आगामी साउन १ गते वास्तविक घरधुरी विवरण र प्रतिवेदनमा समावेश तथ्याङ्कको मिलान गरिनेछ। त्यसपछि साउन २ गते प्रारम्भिक नामावली सार्वजनिक गरिने र उक्त नामावलीमा समावेश नामप्रति कसैलाई दाबी, विरोध वा सुझाव भए सात दिनभित्र पेश गर्न सकिने व्यवस्था गरिएको महानगरपालिकाले जनाएको छ । प्रमुख आचार्यले सबै दाबी र प्रमाणको अध्ययनपछि मात्रै अन्तिम सूची प्रकाशन गरिने बताउनुभयो । उहाँले भन्नुभयो, "नामावली सार्वजनिक गरेपछि सम्बन्धित व्यक्तिलाई आफ्नो कुरा राख्ने पर्याप्त अवसर दिइन्छ। प्राप्त दाबी, विरोध र सुझावको अध्ययन तथा आवश्यक छानबिनपछि मात्रै अन्तिम नामावली प्रकाशित हुन्छ । त्यसैले यो प्रक्रिया कसैलाई हटाउनेभन्दा पनि सत्यतथ्य पहिचान गर्ने प्रक्रिया हो।" महानगरपालिकाका अनुसार सातदिने अवधि सकिएपछि अन्तिम नामावली सार्वजनिक गरिनेछ। त्यसपछि अन्तिम सूचीमा परेका परिवारलाई स्थानान्तरण गरिने स्थान यथाशीघ्र देखाइनेछ। स्थान तोकिएको मितिबाट सात दिनभित्र सम्बन्धित बस्ती खाली गर्ने प्रक्रिया सुरु गरिनेछ।

महानगर प्रमुख आचार्यले बसपार्क क्षेत्रलाई दीर्घकालीन रूपमा व्यवस्थित सार्वजनिक पूर्वाधारका रूपमा विकास गर्न यो अभियान आवश्यक रहेको बताउँदै सार्वजनिक सम्पत्तिको संरक्षणसँगै वास्तविक सुकुमवासीको उचित व्यवस्थापन महानगरपालिकाको प्राथमिकता रहेको बताउनुभयो । बसपार्कभित्रका सुकुमवासीहरुले भने निष्पक्ष छानविन गरी वास्तविक सुकुमवासीको व्यवस्थापनमा आफूहरुले सघाउने प्रतिबद्धता जनाएका छन्। भूमिहीन सुकुमवासी सरोकार समितिका संयोजक प्रेम गुरुङले विकासका लागि सुकुमवासी बाधक नबन्ने र बसपार्क खाली गर्नुअघि आफूहरुको व्यवस्थापन हुनुपर्ने बताउनुभयो।

## महिला उद्यमीका समस्या समाधान गर्न सरकार प्रतिबद्ध छ: प्रधानमन्त्री शाह

**रासस**
काठमाडौं, ३२ असार

प्रधानमन्त्री वालेन्द्र शाहले महिला उद्यमीहरूको उद्यमशीलता विकासका लागि हरसम्भव सहयोग गर्न सरकार प्रतिबद्ध रहेको बताउनुभएको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बिहीबारमहिला उद्यमी महासङ्घ नेपालका पदाधिकारीसँग भएको छलफलमा उहाँले महिला उद्यमीका समाधान गर्न सरकार सक्रिय रहेको तथा उनीहरूले उत्पादन गरेका वस्तुको पर्यटकीय स्थलहरूमा प्रवर्द्धन गर्ने वातावरण निर्माण गरिने बताउनुभयो। छलफलमा महासङ्घका प्रतिनिधिले व्यवसायमैत्री वातावरण सुनिश्चित गर्न, वस्तु तथा सेवालाई राष्ट्रिय तथा अन्तरराष्ट्रिय बजारमा पुऱ्याउन विशेष कार्यक्रम सञ्चालन गर्न तथा व्यापार मेला, प्रदर्शनी, 'बिजनेस-टु-बिजने म्याचिङ' र निर्यात प्रवर्द्धनका कार्यक्रममा अनिवार्य सहभागी हुन आग्रह गर्नुभयो। महासङ्घले विकास गरेको 'म उद्यमी ट्रेडमार्क'लाई स्थापित गर्न भएको आग्रहप्रति प्रधानमन्त्री शाहले सकारात्मक जवाफ दिँदै उक्त ट्रेडमार्कलाई शीघ्र बजारमा ल्याउन सुझाउनुभयो । छलफलका क्रममा महासङ्घको वार्षिक अन्तरराष्ट्रिय महिला उद्यमी व्यापार मेलामा सरकारको संस्थागत सहकार्यको माग पनि गरिएको थियो । साथै, सार्वजनिक खरिद ऐन तथा नियमावलीमा आवश्यक व्यवस्था गरी महिला उद्यमीलाई सार्वजनिक खरिद प्रक्रियामा प्राथमिकता दिन तथा सरकारी कार्यालय र शैक्षिक संस्थाले महिला उद्यमीका वस्तु तथा सेवा खरिद गर्नुपर्ने व्यवस्था लागू गर्न अनुरोध गरिएको थियो।

महिला उद्यमीहरूले वित्तीय सहुलियत वास्तविक उद्योगीसम्म पुग्न नसकेको गुनासो गर्दै उक्त सुविधा गाउँ-गाउँसम्म विस्तार गर्न, पहुँच बढाउन तथा पुँजी अभावका कारण उद्यम रोकिन नदिन धितोको वैकल्पिक व्यवस्था गर्न पनि सरकारसँग माग गर्नुभयो। महिला उद्यमीहरूको छाता संस्था महासङ्घलाई सरकारका नीति निर्माण तथा निर्णय प्रक्रियामा सहभागी गराउनुपर्ने माग गर्दै उहाँहरूले स्थानीय तहमा सीपमूलक तालिम सञ्चालनका लागि महासङ्घले दक्ष स्रोत व्यक्ति उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गर्नुभयो। आफ्ना समस्या गम्भीरपूर्वक सुनेर तत्काल पहल सुरु गरिदिनुभएकामा उहाँहरूले प्रधानमन्त्री शाह समक्ष कृतज्ञता समेत व्यक्त गर्नुभयो।

"प्रधानमन्त्रीले हामीलाई सुन्नु मात्र भएन उहाँले समस्याको समाधानका लागि तत्काल पहल अघि बढाउनेदेखि आवश्यक सबै किसिमका सहकार्य गर्न तत्परता देखाउनुभयो", महासङ्घका अध्यक्ष दर्शना श्रेष्ठले भन्नुभयो, " एक्सन ओरिएन्टेट प्रधानमन्त्रीसँगको संवादले महिला उद्यमशीलताको प्रवर्द्धनमा मद्दत हुने हाम्रो विश्वास छ।" महिला उद्यमशीलताको प्रवर्द्धन, लगानी तथा वित्तीय पहुँच विस्तार, उद्यममैत्री नीतिगत सुधार, सीप तथा क्षमता विकास, नवप्रवर्तन, डिजिटल उद्यमशीलता तथा महिला नेतृत्वमा आधारित उद्यमहरुको दिगो विकाससम्बन्धमा छलफल भएको थियो।


## पोखरामा फोहरलाई मोहरमा बदल्न छानिए १३ उद्यमी

**राम थापा**
पोखरा, ३२ असार/रासस

पोखरा महानगरपालिकामा सञ्चालित रिसाइक्लिङ (पुनर्चक्रण) र अपसाइक्लिङ (उन्नत पुनर्चक्रण) मार्फत हरित रोजगारी सिर्जना परियोजना'अन्तर्गत 'बिजनेस इन्क्युवेशन' (व्यवसाय अनुकूलन केन्द्र) कार्यक्रमबाट १३ उत्कृष्ट उद्यमी छनोट भएका छन्।

मङ्गलबार र बुधबार पोखरामा आयोजित उक्त कार्यक्रमबाट 'पोष्ट इन्क्युवेशन' (व्यवसाय विस्तारको चरण) कार्यक्रमअन्तर्गत सहयोगका

बाँकी अन्तिम पृष्ठमा ▶▶




## कफी, सुन्तला र फूलखेती गर्ने किसानलाई पोखरा महानगरको सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, ३२ असार

पोखरा महानगरपालिकाले कफी, सुन्तला र सयपत्री फूलको व्यावसायिक खेती गर्ने किसानलाई कृषि सामग्री, बीउ, बिरुवा र प्रोत्साहन रकम वितरण गरेको छ।

स्थानीय उत्पादन बढाउने र किसानको आयआर्जनमा वृद्धि गर्ने उद्देश्यले सञ्चालन गरिएको कफी, सुन्तला र सयपत्री फूलखेती प्रवर्द्धन कार्यक्रमअन्तर्गत आज किसानलाई उक्त सहयोग प्रदान गरिएको हो।

कार्यक्रमको उद्घाटन गर्दै पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले दोपहरे कृषक समूहलाई सुन्तलाका बिरुवा तथा कफी खेती गर्ने कृषक समूहलाई कफीका बिरुवा रोपेबापतको प्रोत्साहन रकम हस्तान्तरण गर्नुभयो। उहाँले किसानलाई सयपत्री फूलको बीउ र मल्चिङ प्लास्टिक पनि वितरण गर्नुभयो । कार्यक्रममा प्रमुख आचार्यले किसानको मेहनत र महानगरको सहयोगका कारण पछिल्ला केही वर्षयता पोखरा सयपत्री फूल उत्पादनमा आत्मनिर्भर बनेको बताउनुभयो। उहाँले महानगरले स्थानीय उत्पादनलाई प्राथमिकता दिँदै आएको उल्लेख गर्दै कृषियोग्य जमिनको संरक्षण गर्न र किसानलाई व्यावसायिक खेतीतर्फ आकर्षित गर्न सबैको सहयोग आवश्यक रहेको उल्लेख गर्नुभयो । पोखरामा एक हजार २०० भन्दा बढी कफी हाउस सञ्चालनमा रहेको उल्लेख गर्दै उहाँले पर्याप्त कफी उत्पादन गर्न सके बजारको अभाव नहुने धारणा राख्नुभयो । महानगरको कृषि तथा आर्थिक विकास महाशाखाका प्रमुख मनोहर कडरियाका अनुसार कार्यक्रमअन्तर्गत १६५ जना किसानलाई १८१ प्याकेट सयपत्री फूलको बीउ र १५८ थान मल्चिङ प्लास्टिक वितरण गरिएको छ। त्यस्तै, ५० जना किसानलाई नौ हजार ७०० कफीका बिरुवा रोप्न रु चार लाख ८५ हजार प्रोत्साहन रकम प्रदान गरिएको छ।

# निकृष्ट बालश्रमको खिलापमा पोउवा संघ, अझ बढी क्रियाशिल हुने

**पोखरापत्र संवाददाता**
पोखरा, ३२ असार

पोखरा उद्योग वाणिज्य संघअन्तर्गत रहेको सामाजिक विकास केन्द्रबाट संचालित बालश्रम न्यूनीकरण, सामुदायिक विकास र जीविकोपार्जन तथा शिक्षा परियोजनाहरूको सामाजिक परीक्षण यही असार ८ गते सम्पन्न भयो।



पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष गोकर्ण कार्कीको अध्यक्षतामा भएको सामाजिक परीक्षण कार्यक्रममा सहायक प्रमुख जिल्ला अधिकारी चित्रांगत बरालको प्रमुख आतिथ्यता,श्रम तथा रोजगार कार्यालय पोखराका प्रमुख चण्डिका पौडेल, गैरसरकारी संस्था महासंघ गण्डकी प्रदेशका अध्यक्ष पदमराज पहारी, पोखरा महानगरपालिकाका बाल कल्याण अधिकारी बेलकुमारी गुरुङ, राष्ट्रिय बाल अधिकार परिषद् प्रदेश समन्वय अधिकृत बद्रिप्रसाद वाग्ले, प्र.नि. शिशिर भट्टराई, बिन्ध्यवासिनी मावि का प्राचार्य वसन्तराज पाण्डे, किडासाका वित्त नियन्त्रक वसन्तराज पराजुली र रमेश बास्तोला, इन्सेक गण्डकीका संयोजक गणेश भण्डारी, समृद्धि सप्लायर्सका ध्रुव पोखरेल, पत्रकार श्याम कुँवर, सामाजिक विकास केन्द्रका लेखा तथा प्रशासन प्रमुख सरिता ताम्राकार, परियोजनाका कर्मचारीलगायतको सरोकारवाला, अधिकारकर्मिको उपस्थिति रहेको संघकी महासचिव शोभा गौतमले जानकारी दिनुभयो । कार्यक्रममा वरिष्ठ संचारकर्मी तथा सामाजिक परीक्षक दीपेन्द्र श्रेष्ठले संचालित परियोजनाहरुको परीक्षण नतिजा प्रस्तुत गर्नुभएको थियो।

सो कार्यक्रममा सम्पादित कार्यहरुको समीक्षा, प्राप्त सुझाव एवं आगामी दिनमा गर्नुपर्ने कार्यहरुबारे व्यापक समीक्षा भएको थियो । त्यहाँ उठेका विषयहरु समेटेर सामाजिक परीक्षक दीपेन्द्र श्रेष्ठले बुधबार संघका अध्यक्ष गोकर्ण कार्कीलाई प्रतिवेदन हस्तान्तरण गर्नुभएको छ । प्रतिवेदन हस्तान्तरण गदै वरिष्ठ संचारकर्मीसमेत रहुनुभएका श्रेष्ठले बालश्रममुक्त पोखराकालागि रणनीतिक मार्गचित्र निर्माण गर्ने,पोखरालाई दीर्घकालीन रूपमा बालश्रममुक्त सहर बनाउन स्पष्ट रणनीतिक मार्गचित्र,नीतिगत ढाँचा तथा कार्ययोजना निर्माण गर्न आवश्यक रहेको र यसका लागि पोखरा उद्योग वाणिज्य संघ सामाजिक विकास केन्द्रले पोखरा महानगरपालिका, प्रदेश सरकार, निजी क्षेत्र, नागरिक समाज तथा अन्य सरोकारवाला, गैरसरकारी संघ-संस्थासँग समन्वय गरी नेतृत्वदायी भूमिका निर्वाह गरि निरन्तर संवाद र सहकार्य गरि रणनीतिक मार्गचित्र निर्माण गर्नुपर्ने बताउनुभयो।

प्रतिवेदन ग्रहण गर्दै संघका अध्यक्ष गोकर्ण कार्कीले प्राप्त सुझावलाई कार्यान्वयनमा लैजाने तथा बालश्रमजस्तो निकृष्ट विषयलाई निमिट्यान्न पार्नका लागि संघको तर्फबाट कुनै कसर बाँकी नराखिने प्रतिवद्धता जनाउनुभयो।

# मुस्ताङको लेतेमा भन्सार छलीका अवैध सामान बरामद

**पोखरापत्र संवाददाता**
मुस्ताङ, ३२ असार

मुस्ताङ प्रहरीले भन्सार छली गरी पोखरातर्फ लैजाँदै गरिएको अवैध सामान बरामद गरेको छ।



थासाङ गाउँपालिका-३ स्थित इलाका प्रहरी कार्यालय लेतेले नियमित जाँच गर्ने क्रममा करिब रु चार लाख ३५ हजार ८०० बराबरको अवैध सामान बरामद गरेको हो। जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक ईश्वर महतका अनुसार नेपाल-चीन कोरला नाकाबाट जोमसोम हुँदै पोखरातर्फ जाँदै गरेको महेन्द्र बोलेरो जिप जाँच गर्दा सामान फेला परेको हो । भन्सार प्रज्ञापनपत्र र आवश्यक कागजात नभएका सामान नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ। प्रहरीले गाडी, चालक र सामान ल्याउने व्यक्तिलाई नियन्त्रणमा लिएर आवश्यक कारबाहीका लागि मुस्ताङ भन्सार कार्यालयमा बुझाएको छ। बरामद सामानमा जुत्ता, चप्पल, जिन्स पाइन्ट, टाउजर, टिसर्टलगायतका छन् । सामान ल्याउने व्यक्तिको नाम भने अनुसन्धानका लागि गोप्य राखिएको प्रहरीले जनाएको छ।

# कृषकलाई अनुदानमा 'दूध चिस्यान ट्याङ्की' वितरण

**पोखरापत्र संवाददाता**
पोखरा, ३२ असार

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ कास्कीले आर्थिक वर्ष २०८२/८३ मा कृषिको आधुनिकीकरण, उत्पादन वृद्धि र कृषकको आय आर्जनमा टेवा पुऱ्याउने विभिन्न कार्यक्रम सञ्चालन गरेको छ।

कार्यक्रमअन्तर्गत दुग्ध सङ्कलन तथा चिस्यान केन्द्र स्थापना एवं सुदुढीकरण कार्यक्रमले किसानलाई प्रत्यक्ष फाइदा पुगेको छ। पोखरा महानगरपालिका-२५ हेमजाका व्यावसायिक कृषक एक हजार लिटर क्षमताको 'चिलिङ भ्याट' (दूध चिस्यान ट्याङ्की) अनुदानमा पाएपछि उत्साहित बनेका छन्।

किसान बहुउद्देश्यीय सहकारी संस्थामा आबद्ध कृषकले साझेदारीमा रु पाँच लाख लगानीमा चिलिङ भ्याट पाएपछि दूधको गुणस्तरदेखि आम्दानीसम्म सकारात्मक प्रभाव परेको उनीहरुको भनाई छ । दुग्ध उत्पादनलाई व्यावसायिक, गुणस्तरीय र प्रतिस्पर्धी बनाउन प्रदान गरिएको 'चिलिङ भ्याट' सञ्चालनमा आएपछि दूधको गुणस्तर जोगिनुका साथै सङ्कलन, भण्डारण र बजारीकरणमा उल्लेखनीय सहजता आएको सहकारी संस्थाका व्यवस्थापक पुष्पराज त्रिपाठीले बताउनुभयो।

उहाँका अनुसार सहकारीका १२० जना कृषक आबद्ध छन् र दैनिक एक हजार २०० लिटर दूध सङ्कलन हुने गर्दछ। सहकारीले सङ्कलन गर्ने दूध जिल्ला सहकारी सङ्घमा बिक्री गर्दै आएको छ । "यसअघि उत्पादन भएको दूध तत्काल बिक्री र बजार लैजान नसक्दा नसक्दा बिग्रिने, फाल्नुपर्ने वा कम मूल्यमा बिक्री गर्नुपर्ने बाध्यता थियो। अब भने दूधलाई आवश्यक तापक्रममा सुरक्षित राख्न सकिने भएकाले गुणस्तर कायम रहनुका साथै बजारसम्म ढुवानी गर्न पर्याप्त समय मिलेको छ । यसबाट कृषकलाई उचित मूल्य प्राप्त गर्न र आर्थिक नोक्सानी कम गर्न सहयोग पुगेको छ।" त्रिपाठीले भन्नुभयो। यसअघि सहकारीमा ५०० लिटर क्षमताको चिलिङ भ्याट रहेपनि व्यावसायिक कृषक बढेसँगै दूध चिस्यानमा समस्या परेको थियो। चालु आर्थिक वर्षमा राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमको रु चार लाख २५ हजार सहकारीको रु ७५ हजार साझेदारीमा चिलिङ भ्याट गरिद गरिएको थियो । कृषकका अनुसार चिलिङ भ्याटले दूध बिग्रिने जोखिम घटाएको, उत्पादन बढाउने उत्साह थपेको र पशुपालनलाई थप व्यावसायिक बनाउन प्रेरणा दिएको छ। राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमले चालु वर्षमा जिललमा दुई वटा एक हजार लिटर र तीन वटा ५०० लिटर क्षमताको चिलिङ भ्याट सहयोग गरेको र छ वटा दुग्ध सङ्कलन केन्द्रको सुदृढीकरणमा सहयोग गरेको थियो।

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रममार्फत जिल्लामा चालु आवमा तरकारी सुपरजोन, अलैंची जोन तथा गाईभैंसी जोनमार्फत जिल्लाभर उत्पादन, पूर्वाधार, यान्त्रिकीकरण र उद्यम विकासमा उल्लेखनीय उपलब्धि हासिल भएको आधुनिकीकरण कार्यक्रमका कार्यालय प्रमुख वरिष्ठ कृषि अधिकृत धनबहादुर थापामगर बताउनुभयो।

उहाँका अनुसार साना सिँचाइ निर्माण तथा मर्मत कार्यक्रमअन्तर्गत सामुदायिक पोखरी निर्माण, थोपा सिँचाइ प्रणाली जडान, सिँचाइ पाइप खरिद तथा मर्मतसम्भारमार्फत करिब ५८ हेक्टर क्षेत्रमा थप सिँचाइ सुविधा विस्तार गरिएको छ । "अलैंची जोन विस्तार कार्यक्रममार्फत चालु वर्षमा थप २२१ रोपनी क्षेत्रफलमा अलैंचीखेती विस्तार गरिएको छ। क्षेत्र विस्तार गर्ने कृषकलाई प्रतिरोपनी रु तीन हजार २५० का दरले प्रोत्साहन रकम उपलब्ध गराएपछि कृषक अलैंचीखेतीतर्फ उत्साहित छन्।" थापाले भन्नुभयो। च्याउ उत्पादन प्रवर्द्धनका लागि वार्षिक १८ मेट्रिक टन गोब्रे च्याउ उत्पादन गर्नसक्ने क्षमता भएका तीन वटा कम्पोष्ट संरचना तथा वार्षिक पाँच मेट्रिक टन सिताके च्याउ उत्पादन गर्न सक्ने आधुनिक संरचना निर्माण गरिएको छ।

त्यसैगरी वार्षिक २५ मेट्रिक टन कन्ये च्याउ उत्पादन क्षमताका १०८ र दुई मेट्रिक टन सिताके च्याउ उत्पादन क्षमताका चार वटा च्याउ उत्पादन संरचना निर्माणमा सहयोग गरिएको कार्यालयले जनाएको छ । कार्यालयले गाई/भैंसी प्रवर्द्धन कार्यक्रमअन्तर्गत पाडी तथा बाच्छी हुर्काउने कृषकलाई प्रतिपशु रु १५ हजारका दरले प्रोत्साहन रकम उपलब्ध गराइको छ । यसैगरी उन्नत तरकारी तथा गोलभैंडा खेती, अलैंची व्यवस्थापन, कृषि औजार मर्मत, ग्राफ्टिङ प्रविधि, रासायनिक विषादीको सुरक्षित प्रयोग, न्यून लागतमा दाना उत्पादन र कृत्रिम गर्भाधानलगायत विषयमा ३७६ कृषकलाई तालिम प्रदान गरिएको कार्यालय प्रमुख थापाले बताउनुभयो।

# साउनभर सोमबार साँझ २५० मै अन्नपूर्ण केबलकार चढ्न पाइने

**पोखरापत्र संवाददाता**
पोखरा, ३२ असार

पोखराको पर्यटकीय गन्तव्य अन्नपूर्ण केबलकारले साउन महिनाभर आन्तरिक पर्यटकलाई लक्षित गर्दै विशेष छुट योजना सार्वजनिक गरेको छ । साउन महिनाको प्रत्येक सोमबार बेलुका ४ बजेदेखि केबलकारमा यात्रा गर्ने नेपाली यात्रुले केवल २५० मै जाने-आउने सेवा उपलब्ध गराउने भएको कम्पनीका जनरल म्यानेजर दिनेश पौडेलले बताए।

साउन सोमबार शिवभक्त, सराङकोट धाम पुग्ने दर्शनार्थी तथा पोखराको प्राकृतिक सौन्दर्य अवलोकन गर्न चाहने आन्तरिक पर्यटकलाई लक्षित गरेर यो योजना ल्याइएको उनले बताए । यसले धार्मिक पर्यटनसँगै मनोरञ्जनात्मक यात्रालाई पनि थप सहज बनाउने कम्पनीको विश्वास छ।

यस्तै, सराङकोट धामस्थित ५१ फिट अग्लो गणेश मूर्तिको दर्शन गर्न जाने भक्तजनका लागि पनि कम्पनीले छुटलाई प्राथमिकता दिएको छ। प्रत्येक मंगलबार सराङकोट धाम दर्शन गर्ने नेपाली नागरिकलाई २० प्रतिशत छुट उपलब्ध गराइनेछ भने प्रत्येक सोमबार धाममा आयोजना हुने महाआरतीमा सहभागी हुने यात्रुका लागि साँझ ४ बजेपछिको केबलकार यात्रा रु. २५० मा हुनेछ। कम्पनीले वर्षायामका कारण साउन १ गतेदेखि भदौ मसान्तसम्म बिहानको सेवा अस्थायी रूपमा बन्द रहने जनाएको छ। जनरल म्यानेजर पौडेलका अनुसार उक्त अवधिमा नियमित सेवा हरेक दिन बिहान ९:०० बजेदेखि बेलुका ७:०० बजेसम्म सञ्चालन हुनेछ। यात्रा गर्नुअघि सञ्चालन समयबारे जानकारी लिएर मात्र आउन कम्पनीले आग्रह गरेको छ।

पोखरा-१८, सेदीबगर (फेवाताल किनार) बाट सराङकोटसम्म २.४ किलोमिटर दूरी रहेको अन्नपूर्ण केबलकारले करिब ८-९ मिनेटमै यात्रुलाई गन्तव्य पुऱ्याउँछ। केबलकारमा १८ वटा टावर र सामान बोक्ने सहित १८ वटा गोंडोला सञ्चालनमा छन्। प्रत्येक गोंडोलामा ८ जना यात्रु अट्ने क्षमता रहेको छ भने प्रतिघण्टा करिब ५०० जना यात्रु ओसारपसार गर्न सकिने कम्पनीले जनाएको छ। केबलकार यात्राका क्रममा अन्नपूर्ण हिमश्रृंखला, फेवाताल, हरिया वनजंगल र पोखरा उपत्यकाको मनोरम दृश्य एकैसाथ अवलोकन गर्न सकिन्छ । हाल नेपाली यात्रुका लागि जाने-आउने भाडा रु. ७०० र भारतीय पर्यटकका लागि रु. १,००० निर्धारण गरिएको छ। कम्पनीका अनुसार पछिल्लो समय दैनिक औसत करिब २०० जना यात्रुले सेवा लिइरहेका छन्। अन्नपूर्ण केबलकारमार्फत प्रत्यक्ष रूपमा ३० जनाले रोजगारी समेत पाएका छन् ।

## पोखरामा...

लागि आन्तरिक तथा बाह्य मूल्याङ्कनका आधारमा १३ उत्कृष्ट उद्यमी छनोट गरिएको हो । 'रिसाइकलिङ र अपसाइकलिङ'मा आधारित २३ वटा उद्यम तथा व्यावसायिक प्रतिष्ठानले उक्त कार्यक्रममा भाग लिएका थिए । सहभागीले आफ्नो व्यावसायिक योजना र नवप्रर्वतनशील उत्पादनका बारेमा प्रस्तुतीकरण निर्णायक समितिसमक्ष प्रस्तुत गरेका थिए । उद्यमीहरूले कागज, कपडा, सिसा, कृषि अवशेष तथा जैविक फोहरबाट उत्पादन गरेका विभिन्न वस्तु तथा सामग्री प्रदर्शनीमा राखिएको थियो।

छनोटमा परेका उद्यमीले कोरिया अन्तरराष्ट्रिय सहयोग नियोग र संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रमको सहयोगमा सञ्चालित उक्त परियोजनाबाट उपकरण तथा प्राविधिक सहयोग प्राप्त गर्नेछन्। उक्त कार्यक्रममा सहजीकरण गरिरहेको 'इम्प्याक्ट हब' काठमाडौंका कार्यक्रम अधिकृत सजिना भण्डारीका अनुसार हिमालयन जायन्ट नेटल एण्ड डेभलपमेन्ट, क्लिनिट अपसाइकलर्स, विद्याता हस्तकला, इको फेमेली प्राली, ओपस डेकोर, विपुल सुवेदी, सुरुची थापामगर, श्रीजय तुलाधर र नारायणमल्ल ठकुरी चयन हुनुभएको हो । यस्तै, शारीरिक अपाङ्गता भएका चार जना उद्यमी 'पोष्ट इन्क्युवेशन' कार्यक्रमअन्तर्गत सहयोगका लागि छनोटमा परेका उहाँले जानकारी दिनुभयो।

जसमा सङ्गीता कुँवर, (महिला सशक्तीकरण केन्द्र), हेमबहादुर गुरुङ, सुशील गोदार (समृद्धि एण्ड सुशान्त स्टोर्स) र सागर परियार (दुनाटपरी तथा हस्तकला उद्योग) रहनुभएको छ । चार महिनासम्म सञ्चालन गरिएको 'बिजनेस इन्क्युवेशन' कार्यक्रमबाट उत्कृष्ट उद्यमी छनोट गरिएको कार्यक्रम अधिकृत भण्डारीले बताउनुभयो । कार्यक्रममा सहभागीलाई परियोजना र 'इम्प्याक्ट' केन्द्रको आन्तरिक मूल्याङ्कनबाट ४० र बाहिरी मूल्याङ्कनबाट ६० प्रतिशत अङ्क प्रदान गरिएको उहाँले जानकारी दिनुभयो । निर्णायक समितिमा औद्योगिक व्यवसाय विकास प्रतिष्ठान पूर्वकार्यकारी निर्देशक उमेशकुमार गुप्ता, पोखरा महानगरपालिकाको वातावरण, फोहरमैला व्यवस्थापन तथा वन महाशाखाका प्रमुख प्रभात लामिछाने, व्यवसाय प्रवर्द्धन केन्द्रका प्रमुख नवराज अधिकारी तथा परियोजनाका राष्ट्रिय परियोजना प्रबन्धक यमुना सुवाल रहनुभएको थियो । समितिले नवप्रवर्तन, व्यावसायिक सम्भाव्यता, वातावरणीय प्रभाव, विस्तारको सम्भावना तथा बजार क्षमतालगायत आधारमा मूल्याङ्कन गरी सहभागी उद्यमीलाई आवश्यक सुझाव प्रदान गरेको थियो । छनोटमा परेका उद्यमीले पोखरामा फोहरलाई रिसाइक्लिङ र अपसाइक्लिङ गरी विभिन्न व्यवसाय तथा उद्यम सञ्चालन गर्ने परियोजनाका सहजकर्ता एवं महानगरको वातावरण, फोहरमैला व्यवस्थापन तथा वन महाशाखाका प्रमुख प्रभात लामिछानेले बताउनुभयो। "छनोटमा परेका उद्यमीले पोखरा महानगरभित्र व्यवसाय स्थापना तथा विस्तारका लागि लागि प्राविधिक र उपकरण प्राप्त गर्नेछन्", उहाँले भन्नुभयो, "फोहरबाट उद्यम विकास र हरित रोजगारी सिर्जनाका लागि परियोजनाले सहयोग गर्दै आएको छ।" संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रमका गण्डकी तथा लुम्बिनी प्रदेशका स्थलगत कार्यालय प्रमुख सुदीप अर्यालले परियोजनाले रिसाइक्लिङ र अपसाइक्लिङमा आधारित उद्यम विकास, हरित रोजगारी सिर्जना, उद्यमशीलता प्रवर्द्धन तथा पोखरामा चक्रीय अर्थतन्त्रको विकासमा महत्वपूर्ण योगदान पुऱ्याइरहेको बताउनुभयो । उहाँले कार्यक्रममा हासिल गरेको ज्ञान, सीप र व्यावसायिक सञ्जाललाई उपयोग गर्दै आफ्नो उद्यमलाई थप विस्तार गरी हरित रोजगारी सिर्जना गर्न तथा पोखराको चक्रीय अर्थतन्त्रलाई सुदृढ बनाउन उद्यमीलाई आग्रह गर्नुभयो।

पोखरा महानगरका प्रमुख धनराज आचार्यले फोहरलाई आयआर्जन र रोजगारीसँग जोड्न परियोजना सञ्चालन गरिएको बताउनुभयो। 'क्लिन पोखरा, ग्रिन'को अवधारणाअनुसार महानगरले फोहर व्यवस्थापनलाई उच्च प्राथमिकतामा राखेको उहाँको भनाइ छ । महानगर प्रमुख आचार्यले पोखरा प्रदर्शनी केन्द्रमा निर्माणाधीन 'ग्रिन भेन्चर जोन'लाई रिसाइक्लिङ र अपसाइकलिङको सिकाइ केन्द्रका रूपमा विकास गरिने बताउनुभयो।

जसबाट उद्यमीहरूले व्यवसाय परामर्श, प्रशिक्षण, व्यवसाय प्रवर्द्धन तथा बजार पहुँच विस्तारका लागि अवसर प्राप्त गर्ने उहाँको भनाइ छ। परियोजनाले सन् २०२९ सम्म पोखरामा ३० वटा रिसाइकलिङ र अपसाइक्लिङमा आधारित उद्यम स्थापना तथा तीन सयभन्दा बढी हरित रोजगारी सिर्जना गर्ने लक्ष्य लिएको छ । यस्ता उद्यममार्फत स्थानीयस्तरमा फोहरलाई मूल्यवान् स्रोतका रुपमा रूपान्तरण गर्दै चक्रीय अर्थतन्त्रलाई सुदृढ बनाउने, वातावरणीय प्रदूषण न्यूनीकरण गर्ने र दिगो हरित आर्थिक विकासमा योगदान पुग्ने विश्वास लिइएको छ । परियोजनामार्फत हालको अभ्यासः प्रयोग गर्ने र फाल्ने 'थ्रो अवे' को सट्टा चक्रीय अर्थतन्त्र प्रणालीमा आधारित रिसाइक्लिङ/अपसाइक्लिङ उद्यमहरू स्थापना गरी हरित अर्थतन्त्रलाई प्रवर्द्धन गर्ने उद्देश्य लिइएको परियोजनाले जनाएको छ । हरित रोजगारी प्रवर्द्धन गर्दै ठोस फोहोरमैलाबाट सिर्जना हुने प्रदुषण तथा नकारात्मक वातावरणीय प्रभाव न्यूनीकरणमा टेवा पुग्ने जनाइएको छ ।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

जीवन एउटा कहिल्यै समाप्त नहुने बसन्त हो ।
– वी. पी. कोइराला

## सम्पादकीय

# नयाँ सरकारको उपहार करै कर

बालेन्द्र शाह नेतृत्वको सरकारले ल्याएको बजेट साउन १ गते देखि कार्यान्वयन हुनेछाराष्ट्रिय स्वतन्त्र पार्टीको सरकारले ल्याएको बजेटले विभिन्न वस्तु तथा सेवामा नयाँ कर तथा शुल्क लागू गर्दैछ । जनतालाई करको बोझले गर्दा शिक्षा, स्वास्थ्य, विद्युत्, सुनचाँदी, राइड सेयरिङ, क्यासिनो र उच्चस्तरीय होटल-रिसोर्टसम्म सात क्षेत्रमा करको दायरा विस्तार गरिएपछि यसको प्रत्यक्ष असर सर्वसाधारणदेखि व्यवसायीसम्म पर्ने देखिएको छ । सरकारको यो व्यवस्थाले राजस्व संकलन बढाउने लक्ष्य राखे पनि दैनिक उपभोगका सेवा महँगिने भएकाले उपभोक्ताको खर्च बढ्ने निश्चित छ । विशेषगरी शिक्षा, स्वास्थ्य र विद्युत् जस्ता आधारभूत सेवामा कर थपिनुले यसको प्रभाव मध्यमवर्गीय परिवारमा बढी पर्ने विश्लेषण गरिएको छ। सरकारले जसको हितमा काम गर्नुपर्ने हो तीनको हितमा काम गर्न डराउनु जनताप्रतिको बेइमानी हो ।

चुनावअघि गरेका वाचा भुलेर सरकारले करको दर बढाउन खोज्दा साउन १ देखि निजी शैक्षिक संस्थाले विद्यार्थीसँग लिने शुल्कमा ३ प्रतिशत कर थप हुनेछ। यसको अवर्थ विद्यालयले कर आफैं नबेहोरेमा अभिभावकले तिर्नुपर्ने शुल्क बाढी हो । निजी स्वास्थ्य संस्थामा उपचार गराउँदा बिरामीले तिर्ने शुल्कमा पनि ३ प्रतिशत कर लाग्नेछ। यदि कुनै बिरामीले १ लाख रुपैयाँको उपचार गराउँछ भने अब थप ३ हजार रुपैयाँ कर तिर्नुपर्ने अवस्था आउनेछ। यसले स्वास्थ्य सेवा झनै महँगो हुने भन्दै आलोचना पनि सुरु भएको छ। सुन, चाँदी तथा तिनका गहना खरिद गर्दा लाग्ने करमा ०.५ प्रतिशत वृद्धि हुनेछ । यसले विशेषगरी विवाह, चाडपर्व र लगानीका लागि सुन खरिद गर्ने उपभोक्ताको खर्च बढाउनेछ भने सुन व्यवसायीले पनि बजारमा केही प्रभाव पर्ने आकलन गरेका छन् ।

क्यासिनो सञ्चालकले हाल वार्षिक १ करोड ५० लाख रुपैयाँ रोयल्टी तिर्दै आएकोमा अबदेखि यो रकम बढेर ३ करोड रुपैयाँ पुगेको छ। यसले क्यासिनो उद्योगको सञ्चालन लागत बढाउने भए पनि यसको प्रत्यक्ष असर सर्वसाधारणभन्दा क्यासिनो व्यवसायमा सीमित रहने अपेक्षा गरिएको छ। अब ५० युनिटभन्दा बढी विद्युत् खपत गने उपभोक्ताले थप ५ प्रतिशत कर तिर्नुपर्नेछ। यसको असर विशेषगरी शहरी क्षेत्रका अधिकांश घरपरिवार, व्यवसाय तथा उद्योगमा पर्नेछ। कम विद्युत् प्रयोग गर्ने परिवार भने यसबाट प्रभावित नहुन सक्छन् ।

राइड सेयरिङ सेवा सञ्चालन गर्ने कम्पनी तथा सेवामा ५ प्रतिशत सेवा शुल्क लाग्नेछ । यसको प्रभाव अन्ततः यात्रुले तिर्ने भाडामा पर्न सक्ने सम्भावना छ भने चालकको आम्दानीमा पनि असर पने वा कम्पनीले शुल्क समायोजन गर्ने विकल्प रोज्न सक्छन्। पाँचतारे तथा उच्चस्तरीय होटल, लक्जरी रिसोर्ट र विदेशी मदिरामा २ प्रतिशत थप शुल्क लाग्नेछ । यो शुल्कले मुख्यतः उच्च आय भएका उपभोक्ता, पर्यटक तथा आतिथ्य उद्योगलाई असर गर्ने भए पनि पर्यटन व्यवसायले लागत बढ्ने चिन्ता व्यक्त गरिरहेका छन् ।

नयाँ कर व्यवस्थाको सबैभन्दा प्रत्यक्ष प्रभाव निजी विद्यालयमा अध्ययन गर्ने विद्यार्थीका अभिभावक, निजी अस्पतालबाट उपचार लिने बिरामी, ५० युनिटभन्दा बढी बिजुली प्रयोग गर्ने उपभोक्ता तथा राइड सेयरिङ सेवा प्रयोगकर्तामा पर्ने देखिन्छ । त्यस्तै, सुन खरिद गर्ने उपभोक्ता, पाँचतारे होटल तथा रिसोर्ट प्रयोग गर्ने ग्राहक र विदेशी मदिरा उपभोग गर्नेहरू पनि अतिरिक्त शुल्कको भारमा पर्नेछन्। क्यासिनोको हकमा भने प्रत्यक्ष कर व्यवसायीले तिर्ने भए पनि त्यसको प्रभाव सेवा शुल्क वा सञ्चालन लागतमार्फत अप्रत्यक्ष रूपमा देखिन सक्छ ।

सरकारले राजस्वको दायरा विस्तार गर्दै आर्थिक स्रोत सुदृढ बनाउने उद्देश्यले यी नयाँ कर लागू गरेको जनाएको छ । तर करको दायरा शिक्षा, स्वास्थ्य र विद्युत् जस्ता आधारभूत सेवासम्म विस्तार हुँदा यसको भार अन्ततः आम नागरिकमाथि नै पर्ने देखिन्छ । विलासिताका वस्तु र सेवामा कर बढाउनु स्वाभाविक मानिए पनि विद्यालयको शुल्क, निजी अस्पतालको उपचार खर्च र विद्युत् खपतमा थप करले मध्यमवर्गीय परिवारको मासिक खर्च उल्लेख्य रूपमा बढाउन सक्छ। आगामी दिनमा यी करको भार व्यवसायीले आफैं वहन गर्छन् वा उपभोक्तामाथि पूर्ण रूपमा सार्छन् भन्ने विषयले बजार मूल्य र उपभोगको प्रवृत्तिमा समेत प्रभाव पार्नेछ। नयाँ आर्थिक वर्षसँगै लागू हुने यी व्यवस्थाले सरकारी राजस्व बढाउने अपेक्षा गरिए पनि यसको प्रत्यक्ष असर भने नागरिकको दैनिक खर्चमा महसुस हुने देखिन्छ । करको मार नागरिकमा थपिँदा सरकारी सेवामा कार्यरत कर्मचारीको तबल केही प्रतिशत बढे पनि निजी क्षेत्रका काम गर्ने कर्मचारी थप महँगीको मारमा पर्ने देखिन्छ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बड्ने | तुला | : अप्रत्यसित लाभ |
| वृष | : शुभ यात्रा | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : स्वास्थ्यमा सुधार | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : आर्थिक समस्या | मकर | : मानसिक तनाब |
| सिंह | : शत्रुको भय | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : कार्यमा सफलता | मीन | : ब्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# गोठ भत्किँदा मृत्यु

**पोखरापत्र संवाददाता**
वालिङ, ३२ असार

स्याङ्जाको गल्याङ-६ पिडीखोलामा गोठ भत्किँदा एकको मृत्यु भएको छ।

गोठमा रहेका भैँसी तथा बङ्गुरलाई कुडोपानी दिनेक्रममा बिहीबार विहान अचानक गोठ भत्किँदा पातीखर्क वनपालेका ६५ वर्षीय धनबहादुर रेश्मीको मृत्यु भएको वडाध्यक्ष दीपछिरिङ गुरुङले जानकारी दिनुभयो ।

गोठले पुरिँदा चौपाया समेत मरेका जनाइएको छ । वर्षाका कारण पुरानो गोठ भत्किएको हुनसक्ने वडाध्यक्ष गुरुङले बताउनुभयो ।

# लुलाङमा १० दिनदेखि विद्युत् सेवा अवरुद्ध

**पोखरापत्र संवाददाता**
म्याग्दी, ३२ असार

म्याग्दीको धौलागिरि गाउँपालिका-२ लुलाङमा १० दिनदेखि विद्युत् सेवा अवरुद्ध बनेको छ। दरखोला दोस्रो लघुजलविद्युत् परियोजनाको विद्युत्गृहका उपकरणमा चट्याङले क्षति पुऱ्याएपछि यस परियोजनाबाट विद्युत् सेवा उपभोग गरिरहेका करिब ४०० घर विद्युत् सुविधाबाट वञ्चित भएका छन् ।

चट्याङले विद्युत्गृहको एलसी प्लेट जलेको र उपकरण मर्मतका लागि बुटवल पठाइएको परियोजनाका अपरेटर हर्कबहादुर पुर्जाले जानकारी दिनुभयो। उहाँका अनुसार यस परियोजनाबाट लुलाङ, लमसुङ, खोरीया, मरेनी टोलका बासिन्दाले विद्युत् सुविधा उपभोग गर्दै आएका थिए । पचास किलोवाट क्षमताको दरखोला दोस्रो लघुजलविद्युत् परियोजनामा प्राकृतिक प्रकोप र चट्याङको कारण स्थानीयले हरेक वर्ष सास्ती बेहोर्दै आएका छन् ।

विद्युत् अभावमा रातको समयमा सिङ्गो वडा अन्धकार बनेको छ भने विद्यार्थीलाई पठनपाठन, घरेलु उद्योग सञ्चालन र वडा कार्यालयको सेवा प्रवाहमा समेत समस्या भएको छ । मोबाइललगायतका विद्युतीय सामग्रीको चार्ज गर्ने प्रबन्ध नहुँदा यहाँ सञ्चार सेवा प्रभावित बनेको छ । गत जेठ महिनामा लुलाङमा केन्द्रीय प्रसारण लाइनको विद्युत् सुविधा पुगको भए पनि स्थानीयवासीको घरमा मिटरबक्स जडान र वायरिङ नहुँदा अहिलेसम्म केन्द्रीय विद्युतीकरण प्रयोगमा आएको छैन।

# म्याग्दीका वनमा 'रिचार्ज' पोखरी

**पोखरापत्र संवाददाता**
म्याग्दी, ३२ असार

यस वर्ष म्याग्दीका छ वटा सामुदायिक वनमा 'रिचार्ज' पोखरी निर्माण भएको छ।

वन डढेलो नियन्त्रण, सुक्खापन रोकथाम, पानी पुनरभरण, मानव र वन्यजन्तुबीचको द्वन्द्व न्यूनीकरण गर्ने उद्देश्यले डिभिजन वन कार्यालयको सहयोगमा सामुदायिक वन उपभोक्ता समूहले पोखरी बनाएका हुन् ।

पानी र अहारका लागि मानवबस्तीमा आउने वन्यजन्तुलाई वनमै रोक्ने, पोखरीमा पानी भरेर चिस्यान कायम राख्ने र डढेलो निभाउनका लागि आवश्यक पर्ने पानी सङ्कलन गर्न पोखरी बनाइएको वन अधिकृत शान्तिकुमारी शाहीले जानकारी दिनुभयो । "पानी र अहारको खोजीमा वन्यजन्तु मानव बस्तीमा नआऊन् भनेर जङ्गलमा पोखरी बनाउने कार्यक्रम प्रभावकारी बनेपछि पछिल्लो चार वर्षयता निरन्तरता दिएका छौँ," उहाँले भन्नुभयो, "वनमै पानी र अहार भएपछि वन्यजन्तु मानव बस्तीमा नआउने र द्वन्द्व व्यवस्थापनमा सहयोग पुगेको छ ।" पोखरीमा



पानी सङ्कलन हुँदा जमिनमा रिचार्ज हुने र डढेलो लागेको अवस्थामा निभाउन आवश्यक पर्ने पानी व्यवस्थापन गर्न सजिलो हुने गरेको डिभिजनल वन अधिकृत वसन्तकेशव अधिकारीले बताउनुभयो । बेनी नगरपालिका-५ को चिप्लरी सिमपाखो,मङ्गलागाउँपालिका-३ बरंजाको भोटेखोला, धवलागिरि गाउँपालिका-३ मुनाको दहपातल, रघुगङ्गा गाउँपालिका-६ को ठाडाखानी-कालो सल्लेरी, मालिका गाउँपालिका-६ को सानो धैरेनी उपल्लोतला र अन्नपूर्ण गाउँपालिका-३ दानाको धुरीवन सामुदायिक वनमा पोखरी निर्माण भएको हो । ६१ दशमलव ७५ वर्गमिटर क्षेत्रफलमा निर्माण भएका पोखरीमा ६१ हजार लिटर पानी सङ्कलन गर्न सकिनेछ। प्रतिपोखरी निर्माणका लागि कार्यालयले समूहलाई रु एक लाख अनुदान सहयोग गरेको छ। यसअघि आव २०७८/७९ मा १०, २०७९/८० मा छ, २०८०/०८१ मा १० र २०८१/०८२ मा पाँच वटा गरी ३१ वटा पोखरी निर्माण भइसकेका छन् । जिल्लामा पछिल्लो समय रतुवा, मृग, बाँदर, चितुवालगायत वन्यजन्तु नजिकको मानव बस्तीमा आएर क्षति पुऱ्याउन थालेका छन् । यसरी बस्तीमा पस्ने वन्यजन्तुले मानिस र घरपालुवा जनावरलाई आक्रमण गर्ने गर्दछन् ।

# मुख्यमन्त्री कँडेलविरुद्ध अविश्वासको प्रस्ताव पेश

**रासस**
पोखरा, ३२ असार

कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलविरुद्ध अविश्वासको प्रस्ताव पेश गरिएको छ।

नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का ११ र नेपाली कांग्रेसका पाँच गरी १६ प्रदेशसभा सदस्यहरुले संयुक्त रुपमा हस्ताक्षर गरी आज कर्णाली प्रदेशसभा सचिवालयमा अविश्वासको प्रस्ताव पेश गर्नुभएको हो । प्रदेशसभा सदस्यहरुले नेपालको संविधानको धारा १८८ को उपाधार ४ तथा कर्णाली प्रदेशसभा नियमावली २०८१ को नियम १५२ को उपनियम २ बमोजिम लिखितरुपमा अविश्वासको प्रस्ताव पेश गर्नुभएको कर्णाली प्रदेशसभामा नेकपाका नेता मङ्गलबहादुर शाहीले जानकारी दिनुभयो । अविश्वास प्रस्तावमा प्रदेशसभा सदस्यहरु मङ्गलबहादुर शाही, राजकुमार शर्मा, कृष्णबहादुर जिसी, उर्मिला विश्वकर्मा, कल्याणी खड्का, जुम्कीत लामा (कार्की), बीरबहादुर शाही, भीमप्रकाश शर्मा, महेन्द्र केसी, मिलन खड्का, रनसिंह परियार, हिक्मतबहादुर विष्ट, वेदराज सिंह, सुरेश अधिकारी, बिजया बुढा र कृष्णकुमार बिसीले हस्ताक्षर गर्नुभएको छ। उहाँहरुले नेपालको संविधानको धारा १८८ को उपधारा ५ बमोजिम कर्णाली प्रदेशका मुख्यमन्त्री पदका लागि कर्णाली प्रदेशसभा सदस्य जीवनबहादुर शाहीलाई प्रस्ताव गर्नुभएको छ । पेश गरिएको सूचना दर्ता गरी कर्णाली प्रदेशसभा नियमावली २०८१ को नियम १५२ को उपनियम ३ बमोजिम आवश्यक प्रक्रियाका लागि आगामी सभाको बैठकको कार्यसूचीमा समावेश गरी छलफल गराउने व्यवस्थाका लागि अनुरोध गरिएको नेता शाहीले बताउनुभयो।

# पूर्वअर्थमन्त्री पौडेलसहित १६ जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर

**पोखरापत्र संवाददाता**
पोखरा, ३२ असार

पूर्वअर्थमन्त्री एवं नेपाल कम्युनिष्ट पार्टी (एमाले) का उपाध्यक्ष विष्णु पौडेललगायत १६ जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरिएको छ।

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले आज पौडेलसहित छ जना र १० वटा कम्पनीविरुद्ध मुद्दा दायर गरेको हो । व्यवसायी दीपक भट्टको सम्पत्ति शुद्धीरणसम्बन्धी काममा संलग्न रही मतियारको भूमिका खेलेको आरोपमा पूर्वअर्थमन्त्री पौडेलसहित १६ जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको विशेष अदालतको सूचनामा उल्लेख छ । पूर्वअर्थमन्त्री पौडेलमाथि रु २० करोड ९० लाख बिगो मागदाबी गरिएको छ। साथै विभागले उहाँको बैंक खातामा रहेको रु छ लाख ३४ हजार जफत गर्नसमेत माग दाबी गरेको छ।


## एउटै व्यक्ति भएको सूचना



स्याङ्जा जिल्ला फेदीखोला गाउँपालिका वडा नं. ०१ निवासी भारतीय भु.पु. सैनिक नं 5843892 A का हवल्दार जुक्त बहादुर क्षेत्रीको माग निवेदन अनुसार निजको छोरीको नेपाली नागरिकताको प्रमाण पत्रमा नामथर माया क्षेत्री कुँवर र जन्ममिति वि.स. २०४५।०७।११ (27.10.1988 A.D) भएको र निजको भारतीय सैनिक अभिलेखमा छोरीको नामथर चित्र कुमारी र जन्ममिति वि.स. २०४२।०७।१२ (28.10.1985 A.D) उल्लेख भई फरक फरक अभिलेखमा फरक फरक नामथर जन्ममिति भएतापनि व्यक्ति एउटै भएको व्यहोरा सम्बन्धित निकायमा सिफारिस गरिदिनुहुन भनी उक्त गाउँपालिका ०१ नं वडा कार्यालयको चं.नं. ४०८, मिति २०७८।०८।१३ को पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ।

**जिल्ला प्रशासन कार्यालय, स्याङ्जा**

## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. १५ निवासी भारतीय भु.पु.सै.नं. ५८४५२०९N 1/9 GR का नायक गंगा बहादुर खड्काको श्रीमती पुष्पा देवी खड्काको नेपाली नागरिकता प्रमाण पत्रमा नामथर पुष्पा देवी खड्का, जन्म मिति वि.सं. २०२१।०६।२२ तदानुसार ई. सं. १९६४-१०-०७ भएको र पेन्सन अभिलेखमा नामथर पुष्पा देवी, जन्म मिति ई.सं. १९६४-१२-०५ उल्लेख भई फरक परेतापनि उल्लेखित फरक नामथर र जन्म मिति भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनि पोखरा महानगरपालिका १५ नं. वडा कार्यालयको च.नं.४५३१ मिति २०८३।०३।३२ को सिफारिस पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ।

**जिल्ला प्रशासन कार्यालय, कास्की**

## एउटै व्यक्ति भएको सूचना



म्याग्दी जिल्ला साविक घार, गा.वि.स. वडा नं. ४ हाल अन्नपूर्ण गाउँपालिका वडा नं. ६ बस्ने भारतीय सेनाका भू.पू. सैनिक ३२९०१९, (BEG) होम बहादुर पुनको श्रीमती राधा देवीको नेपाली नागरिकताको प्रमाणपत्रमा नामथर राधादेवी पुन र जन्ममिति वि.सं. २०२३/०६/२० (ई.सं. १९६६/१०/०६) उल्लेख भएको र निजको सैनिक अभिलेखमा श्रीमतीको नामथर राधा देवी र जन्ममिति वि.सं. २०२२/०३/०६ (ई.सं. १९६५/०६/२०) उल्लेख भई फरक परेता पनि उक्त दुई नामथर र जन्ममिति भएको व्यक्ति एउटै भएको भनी सम्बन्धित अन्नपूर्ण गाउँपालिका ६ नं. वडा कार्यालयको च.नं. १२९८, मितिः २०८३/०३/३० को पत्रबाट सिफारिस भई आएको व्यहोरा जानकारी गराइन्छ।

**जिल्ला प्रशासन कार्यालय, म्याग्दी**

## एउटै व्यक्ति भएको सूचना



म्याग्दी जिल्ला साविक शिख गा.वि.स. वडा नं. ४ हाल अन्नपूर्ण गाउँपालिका वडा नं. ५ बस्ने, भारतीय सेनाका भू.पू. सैनिक नं. JC २१८१०८K, सुवेदार तुल बहादुर पुनको श्रीमती देवी शाहको नेपाली नागरिकताको प्रमाणपत्रमा नामथर देवी तिलिजा पुन र जन्ममिति वि.सं. २०१२/०२/०४ (ई.सं. १९५५/०५/१८) उल्लेख भएको साथै निजको सैनिक अभिलेखमा श्रीमतीको नामथर देवी शाह र जन्ममिति ई.सं. १९५८/०८/०९ उल्लेख भई फरक परेतापनि उक्त दुई नामथर र जन्ममिति भएको व्यक्ति एउटै भएको भनी सम्बन्धित अन्नपूर्ण गाउँपालिका ५ नं. वडा कार्यालयको च.नं. ११९९, मिति २०८३/०३/३० को पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ।

**जिल्ला प्रशासन कार्यालय, म्याग्दी**

# सेतीवेनीमा बढ्दै भारतीय पर्यटक

**पोखरापत्र संवाददाता**
पोखरा, ३२ असार

स्याङ्जा, पर्वत र गुल्मी जिल्लाको सङ्गमस्थल सेतीवेनीले पछिल्लो समय धार्मिक तथा पर्यटकीय दृष्टिले थप महत्व पाउन थालेको छ।

कालीगण्डकी नदीबाट शालिग्राम शिला भारतको अयोध्यामा लगेसँगै सेतीवेनीको शिलाको दर्शन गर्न आउने भक्तजन तथा पर्यटकको संख्यामा वृद्धि भएको हो। विसं २०७९ मा म्याग्दीको गलेश्वरधामस्थित कालीगण्डकीबाट लगिएको शालीग्राम अयोध्यामा प्राणप्रतिष्ठा गरिएपछि सेतीवेनी क्षेत्रमा पुगेर शालीग्रामको दर्शन गने र मुक्तिनाथ जाने भारतीय पर्यटक बढिरहेको पण्डित केशवराज न्यौपानेले जानकारी दिनुभयो। उहाँका अनुसार धार्मिक आस्था बोकेको उक्त क्षेत्रको शिला दर्शकका लागि भाकल गरेमा सन्तान प्राप्त हुने, रोकिएका बालबालिकाको वाक्य खुल्ने, रोगव्याधिबाट मुक्ति मिल्ने तथा वैदेशिक रोजगारीमा सफलता प्राप्त हुने जन विश्वास छ। भाकल गरिएका विषयमा मनोकामना पूरा भएपछि भक्तजन पुनःआउने भएकाले पछिल्लो समय त्यहाँ दैनिक १०० देखि १५० जना भारतीय पर्यटक शिला दर्शन गर्न आउने गरेको पाइएको छ। कालीगण्डकी करिडोर र मध्यपहाडी लोकमार्गको पहुँच विस्तार भएसँगै त्यहाँ पुग्ने यात्रुको संख्या बढ्दै गएको छ। उहाँले भन्नुभयो, "मुक्तिनाथ दर्शनमा जाने तीर्थयात्री सेतीवेनीमा रोकिएर शिलाको दर्शन गर्छन्। मुक्तिनाथ जानुअघि त्यस शिलाको दर्शन गरे यात्रा सफल हुने धार्मिक विश्वास छ।" कालीगण्डकी नदीस्थित सेतीवेनी तीन जिल्लालाई जोड्ने, प्राकृतिक सौन्दर्य र धार्मिक आस्थाको सङ्गमका रुपमा रहेको छ।

## एउटै व्यक्ति भएको सूचना



यस जिल्ला अन्तर्गत पैंयुपाटा गा.वि.स. वडा नं. २ निवासी भू.पू.नं. १३९५३२४६ डब्लू का हवल्दार टीकाबहादुर थापाको श्रीमती कमला थापा र कमला कुवंर भन्ने व्यक्ति एउटै भएको भनी गाउं विकास समितिको कार्यालय, पैंयुपाटा बागलुङको च.नं. ४३५ मिति २०६४।१२।१४ को पत्रबाट लेखि आएकोले सोही व्यहोरा पेन्सन प्रयोजनको लागि प्रमाणित गरिन्छ।

**जिल्ला प्रशासन कार्यालय, बागलुङ**

## एउटै व्यक्ति भएको सूचना



प्रस्तुत विषयमा पर्वत जिल्ला मोदी गाउँपालिका वडा नं. ६ बस्ने भारतीय सेना १/९ जि.आर भु.पु.नं. ५८४८४०२ नायक श्याम बहादुर क्षेत्रीको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर श्याम बहादुर थापा, जन्म मिति वि.सं. २०३०।१२।१९ (सन् १९७४-०४-०१), बाबुको नामथर गजेन्द्र बहादुर थापा उल्लेख भएको तर भारतीय पेन्सन अभिलेखमा निजको नामथर श्याम बहादुर क्षेत्री, जन्म मिति सन् ०३ अप्रिल १९७७, बाबुको नामथर तेज बहादुर क्षेत्री उल्लेख भई फरक परेको तथा पेन्सनरको श्रीमती लक्ष्मी कुमारी थापाको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर लक्ष्मी कुमारी थापा उल्लेख भएको तर श्रीमानको भारतीय पेन्सन अभिलेखमा नामथर लक्ष्मी कुमारी क्षेत्री उल्लेख भई फरक परेको। नेपाली नागरिकता प्रमाणपत्रमा र भारतीय पेन्सन अभिलेखमा नामथर र जन्म मिति फरक परेका उल्लेखित व्यक्तीहरु एउटै भएको भनी मोदी गाउँपालिका ६ नं. वडा कार्यालय पर्वतको च.नं. २१६४ मिति २०८३/०३/३० को सिफारिस पत्रबाट लेखी आएकोले सोही व्यहोरा पेन्सन प्रयोजनका लागि प्रमाणित गरिन्छ।

**जिल्ला प्रशासन कार्यालय, पर्वत**

## एउटै व्यक्ति भएको सूचना



स्याङ्जा जिल्ला फेदीखोला गाउँपालिका वडा नं. ०१ निवासी भारतीय भु.पु. सैनिक नं 5843892 A का हवल्दार जुक्त बहादुर क्षेत्रीको माग निवेदन अनुसार निजको छोरीको नेपाली नागरिकताको प्रमाण पत्रमा नामथर ईन्द्रा कार्की र जन्ममिति वि.स. २०४२।०९।२१ (09.01.1986A.D) भएको र निजको भारतीय सैनिक अभिलेखमा छोरीको नामथर सिता माया क्षेत्री र जन्ममिति वि.स. २०४०।०९।२६ (10.01.1984 A.D) उल्लेख भई फरक फरक अभिलेखमा फरक फरक नामथर जन्ममिति भएतापनि व्यक्ति एउटै भएको व्यहोरा सम्बन्धित निकायमा सिफारिस गरिदिनुहुन भनी उक्त गाउँपालिका ०१ नं वडा कार्यालयको च.नं. ४०६, मिति २०७८।०८।१३ को पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ।

**जिल्ला प्रशासन कार्यालय, स्याङ्जा**

## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. ०८ निवासी भारतीय भु.पु.सै.नं. ५३३६९२५ P. हवल्दार खरका सिं गुरुङको श्रीमती जगनसरी गुरुङको नेपाली नागरिकता प्रमाण पत्रमा नामथर जगनसरी गुरुङ, जन्म मिति वि.सं. २००२।०५। २५ तदानुसार ई.सं. १९४५-०९-१० भएको र पेन्सन अभिलेखमा नामथर जगनसरी, जन्म मिति ई.सं. १९४४-०१-०१ उल्लेख भई फरक परेतापनि उल्लेखित फरक नामथर भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनि पोखरा महानगरपालिका ०८ नं. वडा कार्यालयको च.नं. २६५१ मिति २०८३।०३।३१ को * सिफारिस पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ।

**जिल्ला प्रशासन कार्यालय, कास्की**

## एउटै व्यक्ति भएको सूचना



स्याङ्जा जिल्ला फेदीखोला गाउँपालिका वडा नं. ०१ निवासी भारतीय भु.पु. सैनिक नं 5843892 A का हवल्दार जुक्त बहादुर क्षेत्रीको माग निवेदन अनुसार निजको छोरीको नेपाली नागरिकताको प्रमाण पत्रमा नामथर दुर्गा थापा क्षेत्री र जन्ममिति वि.स. २०४८।०९।०७ (22.12.1991 A.D) भएको र निजको भारतीय सैनिक अभिलेखमा छोरीको नामथर लक्ष्मी क्षेत्री र जन्ममिति वि.स. २०४३।१२।१९ (02.04.1987 A.D) उल्लेख भई फरक फरक अभिलेखमा फरक फरक नामथर जन्ममिति भएतापनि व्यक्ति एउटै भएको व्यहोरा सम्बन्धित निकायमा सिफारिस गरिदिनुहुन भनी उक्त गाउँपालिका ०१ नं वडा कार्यालयको च.नं. ४०७, मिति २०७८।०८।१३ को पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ।

**जिल्ला प्रशासन कार्यालय, स्याङ्जा**

## एउटै व्यक्ति भएको सूचना



म्याग्दी जिल्ला हिस्तान गा.वि.स. वडा नं. २ वस्ने भारतीय सेनाका भु..पु. सैनिक नं. ५४४६५३५ का श्री हर्कबहादुर पुनको पारिवारिक विवरणमा श्रीमतीको नामथर गौदेवि पुन उल्लेख भएको र नेपाली नागरिकताको प्रमाणपत्रमा नामथर गौदेवि पुर्जा पुन उल्लेख भै फरक परेता पनी उपर्युक्त दुई नामथर भएको व्यक्ति एउटै भएको भनी सम्बन्धित हिस्तान गा.वि.स.को कार्यालय को च.नं. ६७ मिति २०६८।०८।१३ को पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ।

**जिल्ला प्रशासन कार्यालय, म्याग्दी**

## एउटै व्यक्ति भएको सूचना



स्याङ्जा जिल्ला साविक फेदीखोला गाविस वडा नं. ५ हाल फेदीखोला गाउँपालिका वडा नं. १ निवासी भारतीय भु.पु. सैनिक नं. ५८४३८९२ A का जुक्त बहादुर क्षेत्रीको श्रीमतिको नेपाली नागरिकताको प्रमाणपत्रमा नाम बसुन्धरी क्षेत्री र जन्ममिति वि.सं. २०१९/१२/१४ भएको र भारतीय भु.पु. सैनिक अभिलेखमा श्रीमतिको नामथर बसन्धरी क्षेत्री र जन्ममिति इ.सं. १९६३/०३/०९ उल्लेख भई फरक परेतापनि उल्लेखित फरक फरक नामथर र जन्ममिति भएको व्यक्ति फरक नभई एउटै भएको हुँदा सोही व्यहोरा सम्बन्धित निकायमा सिफारिस गरिदिनुहुन भनी उक्त गाउँपालिका १ नं. वडा कार्यालयको च.नं. १८१ मिति २०८०/०५/१९ गतेको पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ।

**जिल्ला प्रशासन कार्यालय, स्याङ्जा**

## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. १९ साविक लामाचौर गा.वि.स. वडा नं.०३ निवासी भारतीय भु.पु. सैनिक नं.JC-180917, 2/9 GR का सुबेदार हरि बहादुर खत्रीको श्रीमतीको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर विमला कुमारी भन्ने गणेश कुमारी खत्री र जन्ममिति वि.सं. २००८।०३।२४ तदानुसार सन् ८ जुलाई १९५१ उल्लेख भएको र निजको भारतीय सैनिक अभिलेखमा निजको श्रीमतीको नामथर गणेश कुमारी खत्री र जन्ममिति सन् २८ अप्रिल १९५६ उल्लेख भइ फरक परेता पनि माथि उल्लेखित दुवै जन्ममिति र नामथर भएको व्यक्ति फरक फरक नभइ एउटै भएको व्यहोरा सिफारिस साथ अनुरोध गरिन्छ भनि कास्की जिल्ला पोखरा महानगरपालिका, १९ नं. वडा कार्यालयको च.नं. ११६९ मिति २०८१।०२।३१ को सिफारिस पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ।

**जिल्ला प्रशासन कार्यालय, कास्की**

# व्यावसायिक तरकारीखेती गर्ने किसानलाई अनुदान

**पोखरापत्र संवाददाता**
म्याग्दी, ३२ असार

म्याग्दीको बेनी नगरपालिकाले चालु आर्थिक वर्ष २०८२/८३ मा व्यावसायिक तरकारीखेती र पशुपालन गरेका किसानलाई रु २५ लाखभन्दा बढी उत्पादनमा आधारित अनुदान वितरण गरेको छ।

नगरपालिकाको 'उत्पादनका आधारमा प्रोत्साहन' कार्यक्रममार्फत एक सय १६ जना किसानलाई रु २५ लाख ६९ हजार नौ सय ८३ अनुदान वितरण गरेको हो। ५९ जना तरकारी खेती गरेका किसानलाई रु १३ लाख ४९ हजार नौ सय ८३, ३८ जना बाख्रा तथा २८ जना गाईभैंसीपालक किसानलाई रु १२ लाख २० हजार अनुदान वितरण गरिएको प्रमुख प्रशासकीय अधिकृत अर्जुन शर्माले जानकारी दिनुभयो। उत्पादनमा आधारित अनुदानका लागि दूधमा रु १५ लाख, तरकारीमा रु १० लाख र मासुमा रु सात लाख ५० हजार बजेट विनियोजन भएको थियो। पशु सेवा शाखामा परेको ६६ आवेदनमध्ये स्थलगत अनुगमनपछि ५७ वटा व्यावसायिक फार्म छनोट भएका थिए। न्यूनतम रु १३ हजारदेखि अधिकतम रु ४५ हजारसम्म अनुदान उपलब्ध गराइएको पशु चिकित्सक डा सुदीप पौडेलले बताउनुभयो। तरकारीतर्फ कृषि शाखामा ६३ वटा आवेदन परेकामा ५९ किसान तथा कृषक समूह छनोट भएका थिए। काउली, बन्दा, ब्रोकाउली, गोलभैंडा, खुर्सानी, अकबरे खुर्सानी, मूला, गाजर, प्याज र लसुन उत्पादन गर्ने किसानलाई खेती गरिएको क्षेत्रफल र बिक्री भएको उत्पादनका आधारमा अनुदान प्रदान गरिएको कृषि अधिकृत आकृति ढुङ्गानाले बताउनुभयो। थोरै नगद प्राप्त भए पनि यो कार्यक्रमले मिहिनेत गर्ने किसानलाई प्रत्यक्ष लाभ पुगेको बेनी नगरपालिका-१ रत्नेचौरका निरबहादुर थापाले बताउनुभयो। "उत्पादनका आधारमा अनुदान दिंदा वास्तविक किसान छुट्दैनन्", उहाँले भन्नुभयो, "साना किसानलाई व्यवसाय विस्तार गर्ने आत्मविश्वास बढेको छ।" आव २०८०/०८१ देखि गाईभैंसी र बाख्रापालकलाई दिँदै आएको 'उत्पादनका आधारमा प्रोत्साहन' कार्यक्रम प्रभावकारी बनेपछि यो वर्षदेखि तरकारीखेती गने किसानलाई पनि उपलब्ध गराउन थालिएको नगरपालिकाले जनाएको छ। मासु, दूध र तरकारीमा उत्पादन वृद्धि गरी आत्मनिर्भर बनाउन उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम प्रभावकारी भएको नगर प्रमुख सुरत केसीले बताउनुभयो। "किसानलाई व्यावसायिक बनाउन र उत्पादन बढाउन उत्पादन गरेपछि नगद प्रोत्साहन पाउने नीति सफल भएको छ", उहाँले भन्नुभयो, "सभ्फौला र साना किसानलाई पनि समेट्ने गरी कार्यविधि बनाएका छौं।" कार्यक्रमलाई व्यवस्थित बनाउन नगरपालिकाले किसानलाई लघु, साना, मभ्फौला र व्यावसायिक उद्यमी गरी चार वर्गमा विभाजन गरेको छ। वर्गअनुसार रु १५ हजारदेखि ४५ हजारसम्म अनुदान उपलब्ध गराइन्छ। यसका लागि दूध उत्पादन, बाख्रापालन वा तरकारी उत्पादन तथा बिक्रीका न्यूनतम मापदण्ड पूरा गर्नुपने व्यवस्था गरिएको छ। पशुपालक कृषकलाई व्यावसायिक बनाउन र टिकाउन कार्यक्रमले सहयोग पुगेको बेनी नगरपालिकाका उपप्रमुख ज्योती लामिछानेले बताउनुभयो। कृषि क्षेत्रलाई जोड दिएको बेनी नगरपालिकाले वडा नम्बर ४ सिंगामा चिस्यान गृह सञ्चालन गरेको छ।

# प्रसारण लाइन निर्माण गर्न चितवनतर्फ रुख कटान सुरु

**पोखरापत्र संवाददाता**
दमौली, ३२ असार

तनहुँ जलविद्युत् आयोजनाअन्तर्गत निर्माणाधीन दमौली-भरतपुर २२० केभी प्रसारण लाइन निर्माणका लागि चितवन जिल्लातर्फ रुख कटान सुरु गरिएको छ। त्यहाँको राष्ट्रिय तथा सामुदायिक वन क्षेत्रमा पर्ने रुख कटानको अनुमति प्राप्त भएसँगै रुख कटानको काम सुरु गरिएको हो। आयोजनाले गत वैशाख २६ गते रुख कटानको अनुमति प्राप्त गरेको थियो। डिभिजन वन कार्यालय चितवनसँग गरिएको सम्झौताअनुसार रुख कटान, काठ सङ्कलन तथा सुरक्षित भण्डारण सम्बन्धी कार्य भइरहेको आयोजना प्रमुख श्यामजी भण्डारीले जानकारी दिनुभयो। रुख कटान तथा सुरक्षित भण्डारणसम्बन्धी अभिमुखीकरणपछि सामुदायिक वन उपभोक्ता समूहले रुख कटान तथा काठ सङ्कलन सुरु गरेको हो। उहाँले भन्नुभयो, "तोकिएका स्वास्थ्य, सुरक्षा तथा वातावरणसम्बन्धी मापदण्डको पूर्णपालना गर्दै सञ्चालन गरिएको छ। कटान गरिएका काठको सङ्कलन, सुरक्षित भण्डारण तथा व्यवस्थापनमा सामुदायिक वन उपभोक्ता समूहलाई तारबार एवं सिसिटिभी जडानका लागि आर्थिक सहयोग गरेको छ।"

भरतपुर महानगरपालिका-१ स्थित सतनचुली सामुदायिक वन, भरतपुर महानगरपालिका-२९ को अकलादेवी र सिद्धदेवी सामुदायिक वन क्षेत्रका विभिन्न प्रजातिका एक हजार २६३ वटा रुख कटान गरिने जाकारी दिइएको छ। प्रसारण लाइन मार्गअन्तर्गत तनहुँमा रुखमा छाप चिह्न लगाउने कार्य भइरहेको जनाइएको छ। नेपाल सरकार मन्त्रिपरिषद्को २०७९ मङ्सिर २० गतेको निर्णयअनुसार प्रसारण लाइन निर्माणका लागि चितवन र तनहुँ जिल्लामा पर्ने कूल ९२.७३ हेक्टर वन क्षेत्र प्रयोग गर्न नौ १२७ वटा रुख हटाउन स्वीकृति प्रदान गरिएको थियो। प्याकेज तीनअन्तर्गत प्रसारण लाइन निर्माण केइसी इन्टरनेशनल लिमिटेड भारतले काम गरिरहेको छ। ३५ किलोमिटर प्रसारण लाइनमा पर्ने ९४ वटा टावरमध्ये हालसम्म ८२ वटा टावरको जग हाल्ने र ७२ वटा टावर जडान कार्य सम्पन्न भएको छ। त्यस प्याकेजको समग्र प्रगति ८१ प्रतिशत रहेको जनाइएको छ।

# तनहुँको मादी पुलको काम धमाधम

**पोखरापत्र संवाददाता**
दमौली, ३२ असार

मुग्लिन-पोखरा सडकखण्डअन्तर्गत तनहुँको दमौलीमा निर्माण भइरहेको चार लेनको मादी पुलको भौतिक प्रगति ८६ प्रतिशत बराबर पुगेको छ। बाँकी कामका लागि ३०० दिन म्याद थप गरिएको मुग्लिन-पोखरा सडक योजना (पूर्वी खण्ड) आयोजनाले जनाएको छ।

चालु आर्थिक वर्षभित्र निर्माणसम्पन्न गर्ने लक्ष्य राखिए पनि काम पूरा हुन नसकेपछि समय थप गरिएको हो। आयोजानाका अनुसार पुल निर्माणको म्याद २०८४ वैशाख १६ गतेसम्म कायम भएको छ। व्यास नगरपालिका-४ र ५ जोड्ने मादी नदीमाथि निर्माण भइरहेको आर्क डिजाइनको पुलको काम धमाधम भइरहेको आयोजनाका इञ्जिनियर विष्णुप्रसाद पाण्डेले जानकारी दिनुभयो। उहाँका अनुसार केही दिनअघि म्याद थपका लागि गरिएको सिफारिसअनुसार पूर्वाधार विकास मन्त्रालयले समय थप स्वीकृत गरेको हो। पुल निर्माणका लागि २०७९ साउन २६ गते अनक जेभीसँग सम्झौता भएको थियो। ३१५ मिटर लामो पुलमा पाँच वटा स्पान रहनेछन्। पुलका दुवैतर्फ दुई-दुई वटा प्रिस्ट्रेस्ड बक्स गर्डर स्पानको काम सम्पन्न भइसकेको छ। इञ्जिनियर पाण्डेका अनुसार फाउन्डेसनदेखि सुपर स्ट्रक्चरको अधिकांश काम पूरा भइसकेको छ। एकतर्फको आर्क निर्माणसम्पन्न भइसकेको छ भने अर्कोतर्फको काम जारी छ। रु एक अर्ब २१ करोड लागतमा निर्माण भइरहेको यो पुल २३ मिटर चौडाइको हुनेछ। यो नेपालकै पहिलो एकल मोनोलेथिक स्ट्रक्चरयुक्त पुल भएको आयोजनाले जनाएको छ। पृथ्वी राजमार्गमा निर्माण भइरहेको यो पुल चार लेनको आर्क डिजाइनमा आधारित छ। हाल सञ्चालनमा रहेको दुई लेनको मादी पुल ३७० मिटर लामो छ।

## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. १० निवासी भारतीय भु.पु.सैनिक नं. JC-156966 सुवेदार सुर्य बहादुर गुरुङ 4GR को श्रीमतीको नागरिकतामा नामथर निल कुमारी गुरुङ र जन्ममिति वि.सं. २०१४/७/१० तदानुसार सन् २६।१०।१९५७ र भारतीय पारिवारिक पेन्सन विवरणमा नामथर योगमाया र जन्ममिति सन् २५।१०।१९५७ उल्लेख भई फरक परेतापनि व्यक्ति एउटै भएको व्यहोरा सिफारिस साथ अनुरोध गरिन्छ भनी पो.उ.म.न.पा. कार्यालय, कास्कीको च.नं. २०२३६ मिति २०७३/९/१४ को सिफारिस पत्र र जिल्ला प्रहरी कार्यालय, कास्कीको च.नं. ४२५२, मिति २०७३।१०।४ को पत्रसाथ संलग्न सर्जमिन मुचुल्काबाट लेखि आएको हुँदा सम्बन्धित निकायको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**जिल्ला प्रशासन कार्यालय कास्की**